राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक १७४ २०८२ माघ १३ गते मंगलवार (26 Jan. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## सात पूर्वमन्त्री चुनावी मैदानमा

जनकपुरधाम, १२ माघ । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि महोत्तरीबाट सात पूर्वमन्त्री चुनावी मैदानमा उत्रिएका छन् । चार निर्वाचन क्षेत्र रहेको महोत्तरी क्षेत्र नं(१ बाट एक, क्षेत्र नं(२ बाट एक, क्षेत्र नं(३ बाट दुई र क्षेत्र नं(४ बाट तीन पूर्वमन्त्री चुनावी मैदानमा होमिएका हुन् ।

जिल्लाको क्षेत्र नं १ बाट पूर्वस्वास्थ्य तथा जनसंख्यामन्त्री गिरिराजमणि पोखरेल नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बाट चुनाव लड्दै छन् । उनीसँगै यस क्षेत्रमा नेकपा (एमाले) का पूर्वसांसद लक्ष्मी महतो र नेपाली कांग्रेसका मुकेश काफ्ले चुनावी मैदानमा छन् ।

त्यस्तै क्षेत्र नं २ बाट पूर्वश्रम रोजगार तथा यातायातमन्त्री शरत्सिंह भण्डारी जनता समाजवादी पार्टी नेपालबाट चुनावी मैदानमा छन् । उक्त क्षेत्रमा नेपाली कांग्रेसकी पूर्वसांसद किरण यादव र नेकपा (एमाले) का कासिम नदाफ पनि प्रतिस्पर्धा गर्दै छन् ।

त्यस्तै क्षेत्र नं(३ बाट पूर्वकृषिमन्त्री हरिनारायण यादव र पूर्वगृहराज्यमन्त्री मोहम्मद रिजवान चुनावी मैदानमा छन् । यादवलाई जसपा नेपालले टिकट नदिएपछि उनले स्वतन्त्र उम्मेदवारी दर्ता गराउनुभएको हो भने रिजवानले नेपाल संघीय समाजवादी पार्टीबाट चुनावी मैदानमा छन् ।

सो क्षेत्रमा स्वतन्त्र उम्मेदवार रामआधार कापर, नेपाली कांग्रेसका बजरङ्ग नेपाली, जसपा नेपालकी मिनाक्षी ठाकुर, राष्ट्रिय स्वतन्त्र पार्टीका उज्ज्वलकुमार झा र नेकपा (एमाले) का मनोजकुमार सिंहसँग प्रतिस्पर्धा गर्दै छन् ।त्यसैगरी निर्वाचन क्षेत्र नं ४ बाट पूर्वकृषिमन्त्री महेन्द्रकुमार राय, पूर्वस्वास्थ्य राज्यमन्त्री डा सुरेन्द्र यादव र पूर्व प्रदेश गृहमन्त्री भरतप्रसाद साह चुनावी मैदानमा रहेका छन् ।

पूर्वमन्त्री महेन्द्रकुमारले नेपाली कांग्रेसबाट, डा सुरेन्द्र जसपा नेपालबाट र भरतप्रसाद नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बाट चुनाव लड्दै छन् । यस क्षेत्रबाट एमालेका उम्मेदवार निलम अधिकारी पनि चुनावी मैदानमा छन् । रासस

## पूर्व राजा शाहद्वारा जानकी मन्दिरमा पूजापाठ

# समर्थकद्वारा 'हिन्दु राष्ट्र' को नारा

दैनिक समाचारदाता

जनकपुरधाम, १२ माघ । पूर्व राजा ज्ञानेन्द्र वीर विक्रम शाहको जनकपुरधाम भ्रमणका क्रममा सोमबार उहाँका समर्थकहरूले 'हिन्दु राष्ट्र कायम गर' लगायतका नारा लगाउँदै प्रदर्शन गरेका छन् । धार्मिक स्थलहरूको दर्शनका लागि जनकपुरधाम आइपुगेका पूर्व राजा शाहको उपस्थितिलाई लक्षित गर्दै समर्थकहरूले राजसंस्थाको पुनःस्थापना र नेपाललाई हिन्दु राष्ट्र घोषणा गर्नुपर्ने माग अघि सारेका हुन् ।

पूर्व राजा शाहले सोमबार जनकपुरधामस्थित जानकी मन्दिरमा विशेष पूजा(अर्चना तथा आरती गरेका छन् । त्यसपछि उहाँ राममन्दिर र राजदेवी मन्दिरमा समेत पुगेर पूजापाठमा सहभागी हुनुभयो । धार्मिक आस्थाका केन्द्रहरूमा गरिएको उहाँको दर्शन कार्यक्रमका क्रममा ठूलो संख्यामा समर्थकहरू उपस्थित भएका थिए । समर्थकहरूले 'हाम्रो राजा हाम्रो देश, प्राणभन्दा प्यारो छ', 'राजा आऊ, देश बचाऊ', 'हिन्दु राष्ट्र कायम गर' जस्ता नाराहरू लगाउँदै पूर्व राजाप्रति समर्थन जनाएका थिए ।

पूर्व राजा शाहको मन्दिर दर्शन कार्यक्रमलाई ध्यानमा राख्दै सोमबार बिहानैदेखि जनकपुरधाममा सुरक्षा व्यवस्था कडा पारिएको थियो । जानकी मन्दिर, राममन्दिर र राजदेवी मन्दिर वरपर सुरक्षाकर्मीको उल्लेख्य उपस्थिति देखिएको थियो । सम्भावित अप्रिय घटनालाई रोक्न प्रहरी प्रशासनले निगरानी बढाएको थियो भने मन्दिर परिसरमा प्रवेश व्यवस्थापनसमेत कडाइका साथ गरिएको थियो ।



पूर्व राजालाई एक झलक हेर्नका लागि समर्थकहरूको भीड लागेको थियो । विशेष गरी जानकी मन्दिर परिसरमा बिहानैदेखि समर्थकहरूको ताँती लागेको देखिन्थ्यो । कतिपय समर्थकहरू परम्परागत पोसाकमा देखिएका थिए भने केहीले राष्ट्रिय झण्डा र धार्मिक चिन्ह बोकेका थिए । समर्थकहरूले धार्मिक भावनासँगै वर्तमान राजनीतिक अवस्थाप्रति असन्तुष्टि व्यक्त गर्दै नाराबाजी गरेका थिए ।

राजनीतिक विश्लेषकहरूका अनुसार देशमा राजनीतिक अस्थिरता, सरकारप्रति बढ्दो असन्तोष र निर्वाचनको समय नजिकिँदै जाँदा पूर्व राजा शाह यस्ता धार्मिक तथा सांस्कृतिक कार्यक्रममा सक्रिय रूपमा सहभागी हुँदै जनतामाझ पुग्ने गरेको देखिन्छ । विगतका वर्षहरूमा पनि पूर्व राजा शाहले विभिन्न मठ(मन्दिर तथा धार्मिक स्थलको दर्शन गर्दै सार्वजनिक रूपमा देखिने गरेका थिए, जसलाई कतिपयले राजनीतिक सन्देशसँग जोडेर हेर्ने गरेका छन् ।

यद्यपि पूर्व राजा शाह स्वयंले जनकपुरधाम भ्रमणका क्रममा कुनै राजनीतिक अभिव्यक्ति दिएका छैनन् । तर उहाँको उपस्थितिलाई आधार बनाएर समर्थकहरूले खुलेआम राजसंस्था र हिन्दु राष्ट्रको पक्षमा नारा लगाउनु भने पुनः एकपटक राजसंस्थाबारेको बहसलाई सतहमा ल्याएको छ । जनकपुरधामको यो घटनाले देशको समसामयिक राजनीति र धार्मिक पहिचानसम्बन्धी बहसलाई थप चर्काउने संकेत देखिएको छ ।

## कांग्रेस सभापति थापा सर्लाहीमा चुनावी अभियान सुरु

दैनिक समाचारदाता

सर्लाही, १२ माघ । नेपाली कांग्रेसका सभापति गगनकुमार थापा सोमबार दिउँसो सर्लाही आइपुग्नुभएको छ । फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा सर्लाही क्षेत्र नं. ४ बाट उम्मेदवारी दिनुभएका थापा आफ्नो निर्वाचन क्षेत्रमा आएका हुन् ।विमानमार्फत सिमरा विमानस्थल हुँदै आउनुभएका थापालाई कांग्रेसका नेता तथा कार्यकर्ताले सर्लाही-रौतहट सीमामा भव्य स्वागत गरेका थिए । सर्लाही प्रवेश गर्नुअघि उहाँले मूर्तियास्थित मुक्तेश्वर बाबाधाम मन्दिरमा दर्शन गर्नुभएको थियो । सभापति थापाले सोमबार अपराह्न धनकौलस्थित नेपाली कांग्रेस क्षेत्र नं. ४ को क्षेत्रीय कार्यसमिति कार्यालयमा कार्यकर्तालाई सम्बोधन गर्ने कार्यक्रम रहेको नेपाली कांग्रेस सर्लाहीका पूर्व सभापति सुरेन्द्रप्रसाद सिंहले जानकारी दिनुभयो ।

सिंहका अनुसार सभापति थापा चार दिनसम्म सर्लाही क्षेत्र नं. ४ मै बसेर नेता, कार्यकर्ता तथा मतदातासँग भेटघाट गर्ने कार्यक्रम रहेको छ ।


पार्टी सभापतिमा निर्वाचित भएपछि पहिलो पटक मधेश प्रदेश भ्रमणमा निस्कनुभएका थापालाई बारा र रौतहटमा समेत कांग्रेसका नेता तथा कार्यकर्ताले स्वागत गरेका छन् । सिमरा विमानस्थलमा सह-महामन्त्री फरमुल्लाह मन्सुर, मधेश प्रदेश कार्यसमितिका सभापति एवं मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवलगायतका नेताहरूले सभापति थापालाई स्वागत गर्दै सर्लाहीसम्म साथ दिएका थिए ।

### आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।

- आगो तथा हीटर नजिकबाट नतापौं ।
- कागज, कपडाजस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरनजिक नराखौं ।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं ।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटरनजिक एक्लै नछोडौं ।
- घर तथा कार्यालयमा अग्निनियन्त्रक उपकरण राखौं ।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# पर्यटनको नाममा संगठित ठगी

नेपालको पर्वतारोहण र ट्रेकिङ क्षेत्र विश्वमै साहसिक पर्यटनको प्रमुख गन्तव्यका रूपमा परिचित छ । हिमाल, प्रकृति र संस्कृति नेपालका सबैभन्दा ठूला पहिचान हुन् । तर पछिल्ला चार वर्षमा ३१७ जना विदेशी पर्यटकलाई 'फेक रेस्क्यु' गरिएको र त्यसकै आधारमा करिब २ अर्ब ८९ करोड रुपैयाँ बराबरको बिमा दाबी भएको तथ्यले नेपालको पर्यटन क्षेत्र गम्भीर संकटतर्फ धकेलिएको स्पष्ट संकेत दिएको छ ।

प्रहरी अनुसन्धानअनुसार सामान्य लेक लाग्ने वा सामान्य स्वास्थ्य समस्या भएका पर्यटकलाई आपतकालीन अवस्थाको रूपमा देखाएर हेलिकप्टर उद्धार गरिनु, अस्पताल भर्ना गरिनु र त्यसपछि बिमा कम्पनीसँग ठूलो रकम असुल्नु योजनाबद्ध ठगी हो । यसमा रेस्क्यु सेवा दिने कम्पनी, अस्पताल र बिमा दाबी प्रक्रियामा संलग्न व्यक्तिहरूको मिलेमतो देखिनु झनै चिन्ताजनक छ । संवेदनशील उद्धार सेवाको यस्तो दुरुपयोगले वास्तविक आपतमा परेकाहरूको ज्यान जोखिममा पार्ने खतरा पनि बढाउँछ ।

फेक रेस्क्यु केवल आर्थिक अपराध मात्र होइन, यसले नेपालको अन्तर्राष्ट्रिय पर्यटन छविलाई गहिरो क्षति पुर्‍याउने काम गर्छ । बारम्बार नक्कली दाबी भएपछि विदेशी बिमा कम्पनीहरूले नेपाललाई जोखिमयुक्त गन्तव्यका रूपमा हेर्न थाल्ने सम्भावना बढ्छ । यसको असर भविष्यमा पर्यटक आगमन घट्ने, बिमा प्रिमियम महँगो हुने र वास्तविक उद्धारमा समेत अविश्वास पैदा हुने रूपमा देखिन सक्छ ।

यस प्रकरणले राज्यका नियमन संयन्त्र कति कमजोर छन् भन्ने पनि उजागर गरेको छ । सयौं उद्धार, हेलिकप्टर उडान र करोडौंको कारोबार हुँदासमेत समयमै निगरानी नहुनु गम्भीर लापरवाही हो । अब दोषीलाई कानुनअनुसार कडा सजाय दिनुका साथै हेलिकप्टर उद्धार, अस्पताल भर्ना र बिमा दाबी प्रक्रियामा स्पष्ट मापदण्ड र कडा अनुगमन आवश्यक छ ।

पर्यटन नेपालको अर्थतन्त्रको मेरुदण्ड हो । त्यसलाई जोगाउन अब सहनशीलता होइन, कडा सुधार र इमानदार कार्यान्वयन अपरिहार्य भइसकेको छ ।

# नेपालमा रणनीतिक मतदान किन जरूरी छ ?



डा. जगन कार्की

नेपाल आम निर्वाचनको सँघारमा उभिएको छ। जेनजी आन्दोलने दिएको राजनीतिक झट्कापछि करिब ४० दिनमै हुने यो चुनाव केवल सत्ता परिवर्तनको प्रक्रिया होइन, नेपाली लोकतन्त्र कुन दिशामा अघि बढ्छ भन्ने ऐतिहासिक निर्णय हो।

नेपालले तीन दशकभन्दा बढी समयदेखि बहुदलीय लोकतन्त्रको अभ्यास गर्दै आएको छ। तर यथार्थ के हो भने, लोकतन्त्र दलको झन्डामै सीमित रहँदै आएको छ। दलहरूभित्र आन्तरिक लोकतन्त्र कमजोर, नेतृत्व चयन अपारदर्शी र सत्तामा पुग्नेबित्तिकै जनताका मुद्दा गौण छन्।

यही पृष्ठभूमिमा नेपाली कांग्रेसभित्र भएको नेतृत्व परिवर्तनलाई सामान्य राजनीतिक घटना ठान्न मिल्दैन। पार्टीको विधान अनुसार ५० प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधिहरूको मागमा बोलाइएको विशेष महाधिवेशनबाट गगन थापा सभापतिमा निर्वाचित हुनु र पाँच पटक प्रधानमन्त्री भइसकेका शेरबहादुर देउवालाई पराजित गर्नु नेपाली राजनीतिमा दुर्लभ घटना हो।

यो परिवर्तनले यदि तल्लो तह सङ्गठित भए दलभित्र पनि लोकतान्त्रिक हस्तक्षेप सम्भव छ भन्ने पुष्टि गरेको छ। गगन थापा र विश्वप्रकाश शर्मा जस्ता नेताहरूको उदयले कांग्रेस मात्र होइन, समग्र राजनीतिमा नयाँ पुस्ताको आकाङ्क्षा प्रतिनिधित्व गर्छ। ओली नेतृत्वको नेकपा एमालेमा आन्तरिक लोकतन्त्र ठप्प जस्तै देखिन्छ। सामाजिक सञ्जाल प्रतिबन्धपछि शुरु भएको जेनजी आन्दोलनमा ७६ युवाको ज्यान गएको घटनाको नैतिक जिम्मेवारी लिनु त परै जाओस्, ओलीले परिवर्तनको लहरलाई नै अस्वीकार गरे। यस्तै, पुष्पकमल दाहाल 'प्रचण्ड'को राजनीति पनि विचारभन्दा सत्ताकेन्द्रित सम्झौतामा अल्झिएको छ। सत्ता जोगाउन विचार त्याग्ने र अवसर अनुसार गठबन्धन बदल्ने प्रवृत्ति अझै कायम छ।यही परिवेशमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र काठमाडौं महानगरका मेयर बालेन शाह जस्ता पात्रहरूले राजनीतिक बहसलाई नयाँ दिशातर्फ मोडेका छन्। झापा-५ बाट ओलीलाई चुनौती दिने बालेन शाहको कदम सजिलो छैन, तर यसले 'अजेय' मानिएका नेताहरू पनि चुनौतीबाट मुक्त छैनन् भन्ने सन्देश दिएको छ।

गगन थापा, रवि लामिछाने र बालेन शाह– तीनै फरक दल र पृष्ठभूमिका भए पनि एउटै पुस्ताको आवाज हुन्। उनीहरूले भ्रष्टाचार, सत्ताको दुरुपयोग र अलोकतान्त्रिक अभ्यासलाई सार्वजनिक रूपमा चुनौती दिएका छन्। तर समस्या यहीं छ; यी पात्र बीच हुने आपसी आलोचना र व्यक्तिगत आक्रमणले अन्ततः कसलाई फाइदा पुगेको छ? उत्तर स्पष्ट छ– देउवा, ओली र प्रचण्डलाई।

यी तीनै नेता आपसमा जति लडे जस्तो देखिए पनि, व्यवहारमा उनीहरूले एक-अर्कालाई बचाउने संरचना बनाएका छन्। ठूला भ्रष्टाचार प्रकरण, सत्ता दुरुपयोग र नीतिगत असफलताबाट जोगिन उनीहरू बीच मौन समझदारी देखिन्छ। आवश्यक परे ठूला दलको गठबन्धन बनाएर प्रधानमन्त्री बन्ने बाटो उनीहरूका लागि सधैं खुला छ। जब सुधारवादी नेताहरू आपसमा भिड्छन्, तब भ्रष्टहरू सुरक्षित हुन्छन्।

लोकतन्त्रमा सत्ता र शक्ति नै प्रमुख हो र यो प्राप्त गरेपछि देश अनि जनताका चाहना विपरीत मनपरी भ्रष्टाचार गर्ने 'लाइसेन्स' प्राप्त हुन्छ भन्ने मान्यताले चलिरहेको नेपालको अभ्यासमा लोकतन्त्रको बलियो जग बसाउन तथा दलतन्त्रको गढ भत्काउन एउटा उपाय बन्न सक्छ– रणनीतिक मतदान (ट्याक्टिकल भोटिङ)।

***के हो ट्याक्टिकल मतदान ?***

ट्याक्टिकल मतदान भन्नाले मतदाताले आफूलाई सबैभन्दा मन पर्ने दल वा उम्मेदवारलाई होइन, आफूलाई मन नपरेको परिणाम रोक्न सबैभन्दा सक्षम विकल्पलाई मत दिनु हो। यो विशेषगरी प्रत्यक्ष निर्वाचन प्रणाली 'फर्स्ट-पास्ट-द-पोस्ट' प्रति मतदाताले देखाएको व्यावहारिक प्रतिक्रिया हो।

ट्याक्टिकल मतदान लोकतन्त्रको विकृति होइन, राजनीतिक सचेतनाको सङ्केत हो– जहाँ मतदाताले परिस्थितिको मूल्याङ्कन गरी उपलब्ध नियमभित्र रणनीतिक निर्णय लिन्छन्। यो वैध भए पनि, यसले लोकतन्त्रमा विकल्प सीमित भएको सन्देश दिन्छ। यसले मतदाताको गल्ती होइन, तर उनीहरूलाई यस्तो निर्णय गर्न बाध्य बनाउने प्रणालीमाथि गम्भीर प्रश्न भने उठाउँछ।फ्रान्स, मलेसिया, ब्राजिल र चिली जस्ता देशहरूमा सुधारवादी शक्तिहरूले अस्थायी तर रणनीतिक गठबन्धन बनाएर दीर्घकालीन सत्तामा बसेका भ्रष्ट शक्तिलाई चुनौती दिएका उदाहरण छन्।

***रणनीतिक मतदानः बेलायतको पाठ***

रणनीतिक मतदान लोकतन्त्र जोगाउने शक्तिशाली औजार हो। यसको उत्कृष्ट उदाहरण बेलायत हो। बेलायतमा लेबर पार्टी, लिबरल डेमोक्रेट्स र ग्रिन पार्टी बीच औपचारिक गठबन्धन नभए पनि धेरै निर्वाचन क्षेत्रमा मतदाताले 'कसले कन्जरभेटिभलाई हराउन सक्छ ?' भन्ने प्रश्नलाई प्राथमिकता दिएका थिए।

दुई वर्षअघि बेलायतमा भएको चुनावमा करिब १९ प्रतिशत मतदाताले आफूले मन पराएको दल जिताउन होइन, अर्को दललाई रोक्न मतदान गरेको देखिन्छ। लेबर समर्थकले लिब डेम उम्मेदवारलाई र ग्रिन समर्थकले लेबरलाई मतदान गरेका उदाहरण प्रशस्तै छन्।

यस्तो मतदानलाई सहज गर्न सम्बन्धित दलहरूले वेबसाइट र एपहरू बनाएर मतदातालाई जोड्ने र मत साटासाट गराएको देखिन्छ। नेपालमा यसरी अनलाइन गतिविधि चुनौतीपूर्ण देखिए पनि दलहरूले संयन्त्र बनाएर आन्तरिक सूचना मार्फत यसो गर्न सक्ने देखिन्छ।

यसलाई उदाहरणको रूपमा यसरी लिन सकिन्छ: बालेन शाहलाई कांग्रेसले झापा-५ मा मत हाल्ने र सर्लाही-४ मा रास्वपाले गगनलाई मतदान गर्ने। यसमा सहभागी क्षेत्रका निष्क्रिय बनाइएका उम्मेदवारहरूलाई राष्ट्रिय सभा वा अन्य स्थानमा अवसरको सुनिश्चितता गरिदिने।

***नेपालमा रणनीतिक मतदान किन जरूरी छ ?***

नेपालमा एउटै भ्रष्ट उम्मेदवार विरुद्ध तीन-चार आशालाग्दा सुधारवादी उम्मेदवार उठेर एक-अर्काको मत काटाकाट गर्दा अन्ततः सधैं जितिरहने भ्रष्ट नेता नै सफल हुन्छन्।

दम्भ र अहङ्कार भरिएका ओली र सत्ताका लागि जेसुकै गर्ने प्रचण्ड बीच कम्युनिस्ट एकताका नाममा चुनावको १-२ साताअघि गठबन्धन बन्न सक्ने प्रबल सम्भावना छ। एमालेमा भएको आन्तरिक कारबाही र अन्य चुनौतीका कारण उनीहरू रातारात अघोषित रणनीति ल्याउन सक्छन्। एक पटक केपी ओलीले अत्यधिक बहुमतको सरकारलाई नै निष्प्रभावी बनाइसकेको अवस्थामा फेरि प्रचण्ड र ओलीलाई सत्तामा पुर्‍याउने त्यो रणनीति देशका लागि प्रत्युत्पादक बन्न सक्छ।

***रणनीतिक सहकार्यको आवश्यकता***

७६ जना 'जेनजी' हत्याका प्रमुख दोषीहरूलाई छानबिन समितिको म्याद थपको नाममा उम्काउने प्रपञ्च भइरहेको छ। यिनीहरू नै सत्तामा पुगे फेरि जेल जान नपर्ने मान्छे जेल जाने र जेल जानुपर्ने मान्छे सरकारमा पुग्ने देखिन्छ। अदालत र प्रशासन मूकदर्शक बनेपछि अब जनताले नै मत मार्फत हत्याराहरूलाई पराजित गरेर पहिलो कारबाही गर्ने र आफूले चाहेको व्यक्तिलाई सरकारमा ल्याएर कानूनी कारबाही गर्ने मार्ग सिर्जना गर्ने गतिलो अवसर छ।

जेनजी युवाका दोषी, गिरीबन्धु र भुटानी शरणार्थी काण्डका दोषीलाई जेल हाल्न रवि, बालेन र गगन बीच तालमेलको गज्जब अवसर आएको छ। भ्रष्ट समूह र तिनका मतियार जहाँ-जहाँ छन्, छानी-छानी दण्ड दिने अवसर जनतालाई आएको छ।

रवि र गगनलाई भिडाएर सत्तामा लुट मच्चाइरहेकाहरूको व्यापार बन्द गर्ने यो उपयुक्त समय हो। उसै पनि यो मिश्रित निर्वाचन प्रणालीमा कसैको स्पष्ट बहुमत आउनेवाला छैन। मिलिजुली सरकार नै बन्नुपर्ने भएपछि चुनावअघि रणनीतिक सहकार्य अब विकल्प होइन, बाध्यता बनेको छ।

*ट्याक्टिकल भोटका लागि उच्चस्तरीय संयन्त्र*

एक उच्चस्तरीय संयन्त्र बनाएर निम्न अनुसार काम गर्न सकिन्छ:

१. कुन निर्वाचन क्षेत्रमा सहकार्य सम्भव छ भन्ने वस्तुगत मूल्याङ्कन।
२. उम्मेदवारको जित्ने सम्भावना, लोकप्रियता र विश्वसनीयता विश्लेषण।
३. जेनजी आन्दोलन र लोकतान्त्रिक मूल्यप्रतिको प्रतिबद्धता परीक्षण।
४. स्थानीय मतदातामा 'आशा' जगाउन सक्ने क्षमता मापन।

रणनीतिक सहकार्यको केन्द्रमा व्यक्ति होइन, मूल्य हुनुपर्छ। साझा मापदण्ड स्पष्ट हुनुपर्छ– भ्रष्टाचारसँग जोडिएका पात्रहरूलाई पराजित गर्ने र 'जेनजी' आन्दोलनका उपलब्धि विरुद्ध उभिएका शक्तिलाई रोक्ने। यी मापदण्ड पूरा गर्ने उम्मेदवार चाहे कांग्रेस, रास्वपा वा अन्य दलका हुन्, सबै पक्षबाट समर्थन पाउन योग्य हुनुपर्छ।रणनीतिक सहकार्यको पहिलो शर्त नै गगन, रवि र बालेन बीच व्यक्तिगत आक्रमण रोक्नु हो। आलोचना नीतिमा केन्द्रित हुनुपर्छ, व्यक्तिमा होइन। एक समय थियो, जब भ्रष्ट नेताहरू सत्ता कब्जा गर्न एकजुट हुन्थे। आज प्रश्न उल्टिएको छ– यदि देउवा, ओली र प्रचण्ड सत्ता जोगाउन समझदारी गर्न सक्छन् भने; गगन, रवि र बालेन असल उद्देश्यका लागि किन सक्दैनन?

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# किन हुन्छ टन्सिलाइटिस ?


एजेन्सी

तपाईले कुनै न कुनै बेला घाँटी दुख्ने वा खसखस हुने अनुभव पक्कै गर्नुभएको होला। धेरै पटक यसले गर्दा केही निल्न गाह्रो हुन्छ र बोल्न समेत मुस्किल पर्छ।

प्रायः हामी यसलाई सामान्य खसखस ठानेर बेवास्ता गर्छौं तर कतिपय अवस्थामा यसको पछाडि 'टन्सिलाइटिस' को समस्या हुन सक्छ।

टन्सिल हाम्रो शरीरको प्रतिरक्षा प्रणाली (इम्युन सिस्टम) को एक महत्त्वपूर्ण अङ्ग हो। यसले बाहिरबाट आउने ब्याक्टेरिया र भाइरसलाई रोक्ने काम गर्छ। तर जब टन्सिलमै सङ्क्रमण हुन्छ, तब सुन्निने र दुख्ने जस्ता समस्या सुरु हुन्छन्। यसैलाई टन्सिलाइटिस भनिन्छ।

यदि समयमै उपचार भएन भने टन्सिलाइटिसले गम्भीर समस्या निम्त्याउन सक्छ। तथापि, सही जानकारी र समयमै सही कदम चाल्दा यसबाट चाँडै राहत पाउन सकिन्छ।




*टन्सिल के हो ?*

टन्सिल घाँटीको पछाडि दुवै छेउमा हुने दुई साना नरम तन्तु हुन्। यी हाम्रो शरीरको प्रतिरक्षा प्रणालीका हिस्सा हुन्।

यिनको मुख्य काम मुख र नाकको बाटो भएर शरीरमा प्रवेश गर्ने ब्याक्टेरिया र भाइरसलाई रोक्नु हो। टन्सिलले सङ्क्रमणसँग लड्न शरीरलाई मद्दत गर्छन् र हामीलाई बिरामी हुनबाट बचाउँछन्।

*टन्सिलाइटिस के हो?*

टन्सिलाइटिस त्यो अवस्था हो, जब टन्सिलमा सङ्क्रमण हुन्छ। यसका कारण टन्सिल सुन्निन्छ र रातो हुन्छ। साथै दुखाइ पनि हुन्छ। टन्सिलाइटिस हुँदा घाँटीमा कडा खसखस हुने, निल्न गाह्रो हुने र ज्वरो आउन सक्छ। कहिलेकाहीँ टन्सिलमा सेतो दाग पनि देखिन्छ। यो समस्या भाइरस वा ब्याक्टेरिया दुवैका कारण हुन सक्छ।

टन्सिलमा भाइरस वा ब्याक्टेरियाको सङ्क्रमण हुँदा यो समस्या देखिन्छ। धेरैजसो मामिलामा रुघाखोकी वा फ्लु जस्ता भाइरल इन्फेक्सन यसको कारण हुन्छन्। केही मामिलामा यो 'ग्रुप-ए स्ट्रेप्टोकोकस' ब्याक्टेरिया (सामान्यतया घाँटी र छालामा पाइने ब्याक्टेरिया) का कारण हुन्छ। यो ब्याक्टेरिया अक्सर संक्रमित व्यक्तिको सम्पर्कमा आउँदा फैलिन्छ।

*यसका लक्षणहरू के-के हुन्?*

टन्सिलाइटिस हुँदा घाँटी र टन्सिलसँग सम्बन्धित केही समस्याहरू देखिन्छन्, जसले हाम्रो दैनिक जीवनलाई प्रभावित गर्छन्।

टन्सिलाइटिसका प्रमुख लक्षण

- घाँटीमा तीव्र दुखाइ / खसखस
- निल्दा दुखाइ /अप्ठ्यारो हुनु
- टन्सिल सुन्निने/रातो हुने
- टन्सिलमा सेतो दाग देखिनु
- ज्वरो आउनु
- घाँटीको वरिपरि सुन्निने
- आवाज भारी हुनु
- थकान/कमजोरी महसुस हुनु
- बच्चाहरूमा पेट दुख्ने/बान्ता हुने

*के टन्सिलाइटिस एक व्यक्तिबाट अर्कोमा सर्न सक्छ?*

हो, टन्सिलाइटिस गराउने भाइरस र ब्याक्टेरिया धेरै संक्रामक हुन्छन्। यी धेरै तरिकाले फैलिन सक्छन्:

- बिरामी व्यक्तिको सम्पर्कबाट
- खोक्दा वा हाछ्युँ गर्दा
- नजिक बस्दा
- चुम्बन गर्दा
- खाना / पेय पदार्थ जुठो खाँदा
- सामानहरू साझा गर्दा
- फोहोर हातले नाक/मुख छुँदा

टन्सिलाइटिस धेरैजसो बालबालिका र किशोरकिशोरीहरूमा हुन्छ। यसबाहेक स्कुल-अफिस जाने वा भिडभाड भएको ठाउँमा बस्ने मानिसहरू पनि यसबाट प्रभावित हुन्छन्, किनकि यहाँ सङ्क्रमण छिटो फैलिन्छ। पहिलेदेखि बिरामी वा कमजोर रोग प्रतिरोधात्मक क्षमता भएका मानिसहरूमा यसको जोखिम बढी हुन्छ।

यसलाई बेवास्ता गर्दा धेरै समस्याको जोखिम हुन सक्छ। टन्सिलको वरिपरि पीप जम्न सक्छ, जसले गर्दा फोका बन्छ र मुख खोल्न वा निल्न तीव्र दुखाइ हुन्छ। यसका अलावा श्वास फेर्न गाह्रो हुने र निद्रामा घुर्ने समस्या हुन सक्छ। बारम्बार समस्या हुँदा टन्सिलमा 'स्टोन' (पथरी) बन्न सक्छ।

यदि टन्सिलाइटिसको कारण ब्याक्टेरियल इन्फेक्सन हो र समयमै उपचार गरिएन भने सङ्क्रमण शरीरका अन्य अंगसम्म पनि पुग्न सक्छ। जस्तै- जोर्नी दुख्ने र सुन्निने, मिर्गौला सुन्निने र स्कार्लेट फिभरजस्ता गम्भीर अवस्थाहरू आउन सक्छन्।

*टन्सिलाइटिसको घरेलु उपचार*

डाक्टरको सल्लाहका साथसाथै केही घरेलु उपायले लक्षणहरू कम गर्न मद्दत गर्छन्:

- मनतातो पानीमा नुन राखेर कुल्ला गर्ने।
- दिनमा १-२ पटक बाफ लिने।
- अदुवा पानीले कुल्ला गर्ने।
- मनतातो पानी / काँढा / सुप पिउने।
- मह र अदुवाको रस लिने।
- अदुवा राखेको तातो चिया पिउने।

*कसरी बच्ने ?*

टन्सिलाइटिसबाट पूर्ण रूपमा बच्न गाह्रो छ, किनकि यो निकै संक्रामक हुन्छ। तर, सही सरसफाइ र केही सावधानी अपनाएर यसको खतरालाई धेरै हदसम्म कम गर्न सकिन्छ।

- सरसफाइ कायम राख्ने।
- फोहोर हातले मुख र नाक नछुने।
- बिरामी मानिसहरूबाट टाढा रहने।
- खोक्दा-हाच्छ्युँ गर्दा मुख छोप्ने।
- अरूको सामान प्रयोग नगर्ने।
- हरेक ३ महिनामा टुथब्रस फेर्ने।
- खाना जुठो साझा गरेर नखाने ।
- फ्रिजको धेरै चिसो खाना नखाने।
- जंक फुड र बासी खाना नखाने।
- सधैं पोसिलो आहार लिने।
- ७-८ घण्टा राम्ररी सुत्ने।
- धूम्रपान बिल्कुल नगर्ने।

*टन्सिलाइटिस पत्ता लगाउन कुन जाँच गरिन्छ?*

यसका लागि डाक्टरले सबैभन्दा पहिले घाँटीको जाँच गर्छन् र लक्षणहरूका बारेमा सोध्छन्। सङ्क्रमण भाइरल हो वा ब्याक्टेरियल भन्ने पत्ता लगाउन घाँटीबाट 'कटन स्वाब' लिएर परीक्षण गरिन्छ। यसैका आधारमा थप उपचार तय गरिन्छ।

*टन्सिलाइटिसको उपचार के हो?*

यसको उपचार कारणमा निर्भर हुन्छ। यदि कारण भाइरस हो भने, धेरैजसो अवस्थामा आराम गर्ने, झोलिलो खानेकुरा खाने र पेनकिलर लिँदा यो आफैं ठिक हुन्छ।

यदि कारण ब्याक्टेरिया हो भने डाक्टरले एन्टिबायोटिक औषधि दिन्छन्। यसको कोर्स पूरा गर्नु अत्यन्त जरुरी हुन्छ। यसका साथै ज्वरो र दुखाइको औषधि दिइन्छ। गम्भीर अवस्थामा टन्सिल निकाल्ने शल्यक्रियाको सल्लाह पनि दिन सकिन्छ।

टन्सिलाइटिस सामान्यतया ३ देखि ४ दिनमा ठिक हुन थाल्छ। करिब एक हप्तामा यो पूर्ण रूपमा निको हुन्छ। यदि यो ब्याक्टेरियल हो भने ७ देखि १० दिन लाग्न सक्छ।

*कस्तो अवस्थामा डाक्टरलाई देखाउने ?*


केही विशेष अवस्थामा तुरुन्त मेडिकल सल्लाह लिनुपर्छ। जस्तैः

- यदि लगातार उच्च ज्वरो आएमा।
- निल्न धेरै गाह्रो भएमा।
- श्वास फेर्न ज्यादा समस्या भएमा।
- मुख खोल्दा दुख्ने वा च्यापिने भएमा।
- टन्सिलमा धेरै सुन्निने वा पीप देखिएमा।
- बच्चाहरूलाई लगातार बान्ता हुने वा पेट दुख्ने समस्या भएमा।

# शरीरलाई तीन बानीले बनाउँछ कमजोर

एजेन्सी

काठमाडौँ। शरीर बिरामी हुँदा धेरैजसो मानिस कारण नबुझिकनै औषधि सेवन गरेर तुरुन्तै निको हुने प्रयास गर्छन् । औषधिले केही समय राहत त दिन्छ, तर केही समयपछि उही समस्या फेरि दोहोरिन्छ। आयुर्वेदका अनुसार रोगको उपचार मात्र पर्याप्त हुँदैन, रोगको जड पहिचान गरेर त्यसलाई हटाउनु नै वास्तविक उपचार हो । जड हटेपछि रोग आफैं समाप्त हुने आयुर्वेदको मान्यता छ ।शरीर बाहिरी वातावरणका कारण बिरामी देखिए पनि रोगको वास्तविक कारण हाम्रो भित्री बानी र जीवनशैलीमै लुकेको हुन्छ भनेर आयुर्वेद भन्छ । यही कारण आयुर्वेदले रोगको जडलाई तीन भागमा विभाजन गरेको छ, जसलाई बुझेर र बानीमा सुधार ल्याएर धेरै रोगबाट बच्न सकिन्छ ।



*पहिलो जड : प्रज्ञापराध*

प्रज्ञापराध भनेको जानाजान शरीरलाई हानि पुऱ्याउने काम गर्नु हो । यसमा थाहा हुँदाहुँदै गलत खाना खानु, भोक नलाग्दा पनि खाना खानु, थकाइ हुँदा पनि आराम नगर्नु, सधैं रिस र चिन्तामा डुबिरहनु, र निद्रालाई गम्भीर रूपमा नलिनु पर्छ । यी सबै बानीहरूले स्वस्थ शरीरलाई पनि बिरामी बनाउन सक्छन्। यही रोगको पहिलो र प्रमुख जड हो।

*दोस्रो जडः पाचन अग्निको नाश*

आयुर्वेदमा पाचन अग्निलाई केवल खाना पचाउने शक्ति मात्र होइन, शरीरको ऊर्जा केन्द्र र ओजको स्रोत मानिन्छ । प्रज्ञापराधका कारण पाचन अग्नि कमजोर हुँदा खाना राम्ररी पच्दैन र शरीरभित्रै सड्न थाल्छ । यस्तो अवस्थामा पोसिलो खाना खाए पनि शरीरले पूरा पोषण पाउँदैन र शरीरमा विषाक्त तत्त्व जम्मा हुन थाल्छ।

*तेस्रो जडः दोषहरूको असन्तुलन*

शरीरमा वात, पित्त र कफ-यी तीन दोष सन्तुलित भए शरीर स्वस्थ रहन्छ। तर पाचन अग्नि कमजोर हुँदा र आम जम्मा हुँदा यी तीनै दोष असन्तुलित हुन्छन्। परिणामस्वरूप पेटसम्बन्धी रोग, श्वासप्रश्वास समस्या, हड्डी र मांसपेशीसँग सम्बन्धित रोग देखिन थाल्छन् ।

औषधि सेवन गर्नु गलत होइन, तर रोग बारम्बार दोहोरिन नदिन यसको जड पहिचान गर्नु अत्यन्त आवश्यक छ। जीवनशैली, खानपान, निद्रा र मानसिक अवस्थामाथि ध्यान दिएर सुधार ल्याउन सकिएमा रोगलाई जडैदेखि हटाउन सकिने आयुर्वेदको सन्देश छ ।



# कलवार समाजद्वारा सशस्त्र प्रहरी उपरीक्षक खड्का सम्मानित

दैनिक समाचारदाता
जनकपुरधाम, १२ माघ । ब्याहुत सेवा समिति (कलवार कुट्टी) ले धनुषामा कार्यरत सशस्त्र प्रहरी उपरीक्षक (एसपी) निर्मल खड्कालाई एक समारोहबीच सम्मान गरेको छ ।

एसपी खड्कालाई समितिले दोसल्ला तथा सम्मानपत्रबाट सम्मान गरेका हुन ।

समितिका नव-निर्वाचित अध्यक्ष श्याम प्रसाद साहको अध्यक्षतामा सम्पन्न सम्मान कार्यक्रममा नेपाल पत्रकार महासंघ धनुषाका पूर्व अध्यक्ष उमेश साहले शान्ति(सुरक्षा, सामाजिक जनचेतना तथा धार्मिक(सांस्कृतिक क्षेत्रमा नायब उपरीक्षक खड्काले पुर्‍याएको योगदानको प्रशंसा गर्नुभयो ।



उहाँले पदको जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्नुका साथै मानवीय व्यवहार र सकारात्मक सोचले समाजको स्तर उकासिने उल्लेख गर्दै सशस्त्र प्रहरी नायब उपरीक्षक खड्कामा ती सबै गुण स्पष्ट रूपमा देखिएको बताउनुभयो । जनकपुरधाम धार्मिक नगरी भएको र यहाँ असल कर्म गर्नेहरूलाई आगामी दिनमा समेत समाजले उचित मूल्याङ्कन गर्ने परम्परा रहेको उहाँको भनाइ थियो ।

त्यस्तै सम्मान(पत्र ग्रहण गर्दै एसपी खड्काले धनुषावासीकै साथ र सहयोगका कारण आफ्नो कार्यकाल पूर्ण रुपमा सफल भएको बताएका छन् । उहाँले यहाँका सामाजिक, साँस्कृतिक तथा धार्मिक विचारधाराबाट आफू निकै प्रभावित भएको र यो क्षण सधैं स्मरण रहने औंल्याउनुभयो ।

सम्मान कार्यक्रममा कलवार कुट्टीका पूर्व अध्यक्ष तथा जानकी टेलिभिजनका सञ्चालक वैद्यनाथ साह, महासचिव शिवशंकर साह, उपाध्यक्ष संजय प्रसाद साहलगायतले पनि सम्मानित व्यक्तित्वप्रति शुभकामना व्यक्त गर्दै आ( आफ्ना धारणा राखेका थिए ।

# वीरगञ्जमा भारतको ७७औँ गणतन्त्र दिवस भव्य रूपमा सम्पन्न

दैनिक समाचारदाता
जनकपुरधाम, १२ माघ । भारतको ७७औँ गणतन्त्र दिवस २६ जनवरीका दिन भारतको महावाणिज्य दूतावास, वीरगञ्ज (नेपाल) ले भव्यताका साथ मनाएको छ ।



समारोहमा महावाणिज्यदूत डी. एस. मीनाले राष्ट्रिय झण्डा ( तिरंगा) फहराउनुका साथै भारतका राष्ट्रपतिको सन्देश वाचन गर्नुभएको थियो । उहाँले आफ्नो सम्बोधनमा भारतको लोकतान्त्रिक मूल्य, संविधानको महत्व र राष्ट्रिय एकताबारे प्रकाश पार्नुभएको थियो ।

गणतन्त्र दिवसको अवसरमा शिक्षा विद्यालयसहित १२ वटा विभिन्न विद्यालयका विद्यार्थीहरूले गीत, नृत्य तथा विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । विद्यार्थीहरूको प्रस्तुतिले उपस्थित दर्शकहरूलाई मन्त्रमुग्ध बनाउँदै देशभक्तिको भावना अभिव्यक्त गरेको थियो ।

कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह, पूर्व केन्द्रीय मन्त्री, प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी बलका उपरीक्षक, वीरगञ्ज उद्योग वाणिज्य संघ तथा नेपाल-भारत उद्योग वाणिज्य संघका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

दूतावासका अनुसार समारोहमा कविगण, स्थानीय व्यापारी, नेपाल-भारत मैत्री संघका प्रतिनिधि, विद्यालयका प्रधानाध्यापक, शिक्षक-शिक्षिका तथा विद्यार्थीहरू सहित विभिन्न क्षेत्रका करिब पाँच सय जनाको सहभागिता रहेको थियो ।

गणतन्त्र दिवस समारोहसँगै दूतावास परिसरभित्र भारतको राष्ट्रिय गीत ‘वन्दे मातरम्’ को १५०औँ वार्षिकोत्सवको अवसरमा राष्ट्रिय गीत प्रदर्शनी पनि आयोजना गरिएको थियो । उक्त प्रदर्शनीमा विद्यार्थी, शिक्षक-शिक्षिका तथा सर्वसाधारणको उल्लेखनीय उपस्थिति देखिएको थियो । दूतावासले यस्ता कार्यक्रमहरूले नेपाल-भारतबीचको ऐतिहासिक मित्रता, सांस्कृतिक सम्बन्ध र जनस्तरको आपसी समझदारीलाई अझ सुदृढ बनाउने विश्वास व्यक्त गरेको छ ।

# समानुपातिकको मतपत्र छपाइ सकियो

दैनिक समाचारदाता
काठमाडौं १२ माघ । आगामी २१ फागुनमा हुने निर्वाचनका लागि समानुपातिक तर्फको



मतपत्रको छपाइ सकिएको छ । समानुपातिक तर्फको मतपत्र छपाइ सकिएपछि प्रत्यक्षतर्फको मतपत्र छपाइको कार्य सुरु भएको छ ।

प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीका अनुसार समानुपातिक तर्फ दुई करोड आठ लाख ५४ हजार आठ सय मतपत्र छापिएको छ । ‘प्रत्यक्षतर्फको २ करोड ३ लाख २३ हजार आजबाट छपाई सुरु भएको छ । यो छपाई लगभग १५ दिन भित्र सकिन्छ,’ भण्डारीले जानकारी दिए ।

आगामी फागुन ५ गते अगावै आयेगले सम्बन्धित स्थलमा मतपत्र पुर्‍याउने गरी काम भइराखेको छ ।

# मंगलबार रातिदेखि मौसम बिग्रिने बुधबार देशैभर वर्षा र हिमपात हुने

दैनिक समाचारदाता
काठमाडौँ १२ माघ । मौसम पूर्वानुमान महाशाखाले आगामी तीन दिनको मौसम विवरण सार्वजनिक गर्दै मध्य सातादेखि देशभरको मौसम प्रतिकूल हुने जनाएको छ। सोमबार मौसम सामान्यतया सफा रहे पनि मंगलबार र बुधबार पश्चिमी वायुको प्रभावका कारण देशका अधिकांश स्थानमा वर्षा र हिमपातको सम्भावना रहेको छ।

महाशाखाका अनुसार सोमबार दिउँसो तराईका केही स्थानमा मध्यान्नसम्म हुस्सु र कुहिरो लाग्नेछ। देशका हिमाली भू-भागमा आंशिक बादल लागे पनि बाँकी भू-भागमा मौसम मुख्यतया सफा रहनेछ।

सोमबार राति भने कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी र हिमाली भू-भागमा बादल लाग्नेछ। यी प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा राति नै हल्का हिमपात वा वर्षाको सुरुवात हुन सक्नेछ।

मंगलबार दिउँसोबाट मौसममा पश्चिमी वायुको प्रभाव थप देखिनेछ। गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागमा बादल लाग्ने र थोरै स्थानमा हल्का हिमपात वा वर्षा हुनेछ। कर्णाली र सुदूरपश्चिमका बाँकी भू-भागमा मेघगर्जन र चट्याङ्गसहित हल्का वर्षाको सम्भावना छ।

मंगलबार राति मौसम थप खराब हुनेछ। गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश लगायत बाँकी हिमाली भू-भागमा बादल लाग्नेछ। यी प्रदेशका उच्च पहाडी तथा हिमाली भेगमा मध्यम हिमपात वा वर्षा हुनेछ भने पहाडी भू-भागमा मध्यम वर्षाको सम्भावना छ। तराईका थोरै स्थानमा हल्का वर्षा र लुम्बिनी तथा सुदूरपश्चिमका केही स्थानमा मेघगर्जनसहित चट्याङ पर्न सक्ने महाशाखाले जनाएको छ।

बुधबार भने मौसम प्रणाली देशभर फैलिनेछ। बुधबार दिउँसो देशभर साधारणतया बादल लाग्ने र सबै उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानमा मध्यम हिमपात वा वर्षा हुनेछ। लुम्बिनी, कर्णाली, सुदूरपश्चिम, बागमती र गण्डकी प्रदेशका पहाडी भू-भागका केही स्थानमा मेघगर्जनसहित मध्यम वर्षा तथा बाँकी भू-भागमा हल्का वर्षाको सम्भावना रहेको छ।

बुधबार रातिबाट भने मौसममा क्रमिक सुधार आउनेछ। कोशी, बागमती र गण्डकी प्रदेशको उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपात वा वर्षाको सम्भावना रहे पनि बाँकी भूभागमा आंशिक बादल मात्र लाग्ने महाशाखाले उल्लेख गरेको छ।

# भारतको शरणमा रहेकी शेख हसिनाको अभिव्यक्तिप्रति बंगलादेश आक्रोशित

काठमाडौं १२ माघ । बंगलादेशको विदेश मन्त्रालयले भारतमा शरण लिएकी पूर्वप्रधानमन्त्री शेख हसिनाको अभिव्यक्तिलाई 'सार्वजनिक रूपमा उत्तेजक'भन्दै कडा प्रतिक्रिया जनाएको छ। मन्त्रालयले भारतले उनलाई यस्तो बयान दिन अनुमति दिइएकोमा 'आश्चर्य र निराश' व्यक्त गरेको छ।

मन्त्रालयले उनको यस्तो अभिव्यक्ति बंगलादेशको 'लोकतन्त्र र सुरक्षाका लागि खतरा' भएको निष्कर्ष निकालेको छ। अवामी लिग शेख हसिनाको पार्टी हो जसलाई बंगलादेशमा हुने आम चुनावमा भाग लिन प्रतिबन्ध लगाइएको छ।

बंगलादेशको विदेश मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ,'बंगलादेशको अन्तरिम सरकारलाई अपदस्थ गर्ने र आगामी चुनावलाई बाधा पुर्‍याउने उद्देश्यले अवामी लिग समर्थकहरूलाई हिंसात्मक गतिविधिहरूमा उक्साउने यस्ता अभिव्यक्तिहरू आश्चर्यजनक छन्। मानवता विरुद्धको अपराधमा दोषी ठहरिएकी र फरार शेख हसिनालाई नयाँ दिल्लीमा सार्वजनिक रूपमा बोल्ने अवसर दिइनु बंगलादेश सरकारको लागि निराशाको विषय हो।'गत शुक्रबार भारतको राजधानी नयाँ दिल्लीमा आयोजित 'बंगलादेशमा लोकतन्त्र बचाउ ' शीर्षकको सेमिनारमा हसिनाको रेकर्ड गरिएको अडिएको भाषण बजाइएको थियो। त्यो कार्यक्रममाअवामी लिगले पाँच बुँदे मागअघि सारेको थियो। जसमा संयुक्त राष्ट्र संघलाई गत वर्षका घटनाहरूको 'निष्पक्ष अनुसन्धान' गर्न आमन्त्रित गरिनुपर्ने माग प्रमुख थियो।

हसिनाको यो अडियो सन्देश बजाइएको कार्यक्रम दक्षिण एसियाको विदेशी संवाददाता क्लबले आयोजना गरेको बीबीसीमा समाचार छ । बंगलादेशमा राष्ट्रिय चुनावअघि अवामी लिगका नेताहरूले दिल्लीमा दुईवटा पत्रकार सम्मेलन गरेका छन्।

बारम्बार अनुरोध गर्दा पनि भारतले हसिनालाई बंगलादेश फिर्ता नगरेको भन्दै आक्रोश व्यक्त गरेको छ। मन्त्रालयले यसलाई दुई देशबीचको सम्बन्धमा असहज परिस्थिति सिर्जना गर्ने कदमका रुपमा व्याख्या गरेको छ।

विज्ञप्तिमा भनिएको छ, 'दुई देशहरू बीचको विद्यमान द्विपक्षीय सुपुर्दगी सन्धि अन्तर्गत बारम्बार अनुरोध गर्दा पनि भारतले शेख हसिनालाई बंगलादेशलाई सुम्पेको छैन,जसले गर्दा बंगलादेशमा आक्रोश फैलिएको छ।'

गत वर्ष नोभेम्बर १७ मा बंगलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरणले पूर्वप्रधानमन्त्री हसिना र पूर्वगृहमन्त्री असदुज्जमान खान कमाललाई मृत्युदण्डको सजाय सुनाएको थियो। दुवैजना हाल भारतमा बस्दै आएका छन्। शेख हसिनालाई मानवता विरुद्धको अपराधको दोषी ठहराइएको थियो।




‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४